सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक १०२ ♦ २०८२ साल पुस १ मंगलवार ♦ 16 Dec 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मधेश प्रदेशसभा बैठक बुधबार दिउँसो १ बजे बस्ने



**खबर दर्पण समाचारदाता**

**मंसीर २९ गते, बर्दिवास**

मधेश प्रदेशसभामा रिक्त सभामुख पदपूर्तिको प्रक्रिया अगाडि बढाउन प्रदेशसभा बैठक आह्वान गरिएको छ ।

प्रदेशसभा सचिवालयले जारी गरेको सूचनाअनुसार बैठक बुधबार दिउँसो १ बजे बस्नेछ। बैठकबाट सभामुख निर्वाचनसम्बन्धी प्रस्ताव अनुमोदन गरी निर्वाचन कार्यतालिका सार्वजनिक गरिने प्रदेशसभा सचिव बासुप्रसाद कोइरालाले जानकारी दिए । उनका अनुसार कार्यविधि स्वीकृत भएसँगै सभामुख चयनको औपचारिक प्रक्रिया अघि बढ्नेछ ।

जनता समाजवादी पार्टी (जसपा) नेपालका प्रमुख सचेतक रामअशिष यादवले सभामुख निर्वाचनकै उद्देश्यले बैठक बोलाइएको स्पष्ट पार्दै मुख्यमन्त्री कृष्णप्रसाद यादवले विश्वासको मत लिएको खण्डमा प्रदेशसभा नियमित रूपमा सञ्चालन हुने र अन्यथा बैठक स्थगित हुन सक्ने बताए ।

यसअघि गत मंसिर ३ गते तत्कालीन सभामुख रामचन्द्र मण्डलले पदअनुकूल आचरण नगरेको ठहरसहित दुई तिहाइ बहुमतबाट पारित प्रस्तावका आधारमा पदमुक्त भएका थिए । त्यसयता सभामुख पद रिक्त छ ।

हाल मधेश प्रदेश सरकारमा सात दल सहभागी छन् । गठबन्धनभित्र नेपाली कांग्रेसले मुख्यमन्त्रीको जिम्मेवारी पाएको छ भने दोस्रो ठूलो दल जसपा नेपालले सभामुख पदमा दाबी गर्दै आएको छ ।

सभामुख चयनसँगै प्रदेशसभाको कामकारबाहीले गति लिने विश्वास लिइएको छ ।

## मधेस प्रदेशमा मन्त्रिपरिषद् विस्तार, दुई मन्त्रीले लिए शपथ

**खबर दर्पण समाचारदाता**

**मंसीर २९ गते, बर्दिवास**

मधेश प्रदेशमा मन्त्रिपरिषद् पुनर्गठन गरिएको छ ।

प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले मुख्यमन्त्री कृष्णप्रसाद यादवको सिफारिसमा नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम सोमबार मन्त्रिपरिषद् पुनर्गठन गर्नुभएको हो ।



पुनर्गठनअनुसार मुख्यमन्त्री कृष्णप्रसाद यादवले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित भौतिक पूर्वाधार विकास, भूमि व्यवस्था, कृषि तथा सहकारी, खेलकुद तथा समाज कल्याण, गृह, सञ्चार तथा कानून, वन तथा वातावरण तथा श्रम तथा यातायात मन्त्रालयको जिम्मेवारी सम्हाल्नुभएको छ ।

त्यस्तै, महेशप्रसाद यादवलाई अर्थ मन्त्रालयको जिम्मेवारी दिइएको छ भने कांग्रेसका जंगीलाल राय स्वास्थ्य तथा जनसंख्या मन्त्री नियुक्त हुनुभएको छ । नेकपा माओवादीका जवाहरलाल कुशवाहाले ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयको जिम्मेवारी पाउनुभएको छ । लोसपाका रानीकुमारी तिवारी शिक्षा तथा संस्कृति मन्त्री नियुक्त हुनुभएको छ भने नेकपा एसका कनिश पटेल उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रीको जिम्मेवारी पाउनुभएको छ । यसैबीच, प्रदेश प्रमुखको कार्यालयमा नवनियुक्त मन्त्रीहरूले प्रदेश प्रमुख कर्णसमक्ष पद तथा गोपनीयताको शपथ लिनुभएको छ ।

## मधेश प्रदेशका मुख्यमन्त्रीले पुस ४ गते विश्वासको मत लिनुहुने

**खबर दर्पण समाचारदाता**

**मंसीर २९ गते, बर्दिवास**

मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले आगामी पुस ४ गते शुक्रवार विश्वासको मत लिन लाग्नु भएको छ।

मुख्यमन्त्रीको निवास मधेश भवनमा आज बसेको सात दलको बैठकबाट पुस ४ गते विश्वासको मत लिने सहमति भएको जनता समाजवादी पार्टी (जसपा) नेपालका संसदीय दलका नेता सरोज कुमार यादवले पत्रकारहरूलाई जानकारी दिनु भएको छ । यादवले विश्वासको मत अघि नै सहमति भएको खण्डमा सबै दलबाट एक-एकजनालाई मन्त्रीमा नियुक्त गरिने विषयमा छलफल भएको र सहमति

बाँकी पृष्ठ २ मा




जनकपुरधाम -१४, मुजेलिया

सम्पर्क : ९८०१६७०२४५

Grand Opening Very Soon ...
We Are Ready to Serve You
Test Something Good!
Indulge in the delicious flavors at Komal's Cafe - Janakpur.




EURO DYNAMICS INTERNATION PVT. LTD.
Bardibas, Mahottari (Sindhuli Road)
Cont. +9779844311010, 9844025184
Email- infoeurodynamicsinternational@gmail.com

# सरकारी काम कारबाहीलाई चुस्त र प्रभावकारी बनाउन २३ बुँदे निर्देशन जारी

**खबर दर्पण समाचारदाता**
**मंसीर २९ गते, बर्दिबास**

सरकारी काम कारबाहीलाई चुस्त र प्रभावकारी बनाउन मधेश प्रदेश सरकारका कर्मचारीहरुका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले २३ बुँदे निर्देशन जारी गरेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सार्वजनिक सेवा प्रवाहप्रति नागरिकमा देखिएको चरम असन्तुष्टि र आक्रोश अन्त्य गरी सरकारप्रति भरोसा एवं विश्वास कायम गर्नु र निजामती प्रशासनप्रति जनताले गर्व गर्ने वातावरण सिर्जना गर्नका लागि स्थायी सरकारको रुपमा परिचित निजामती प्रशासनलाई चुनौती रहेकाले जनचाहना अनुसार कार्य गर्न निर्देशन जारी गरिएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका निमित्त प्रमुख सचिव रामकुमार महतोले वर्तमान् परिवर्तित परिवेशमा जनचाहना बमोजिम छिटो, छरितो, सरल र सहजरुपमा गुणस्तरीय सेवा प्रवाह गर्न निजामती प्रशासनमा समय सापेक्ष व्यापक सुधार र रुपान्तरण आवश्यक रहेको औल्याए ।

मधेश प्रदेश सरकारको काम कारबाहीलाई चुस्तदुरुस्त र प्रभावकारी बनाउन सबै राष्ट्र सेवक कर्मचारीहरुको साथ, समन्वय र समर्थन प्राप्त हुने विश्वासका साथ कर्मचारीहरुको लागि कार्य सम्पादन नियमावली, २०८० को नियम ३५ को उपनियम (२) को खण्ड (ग) बमोजिम देहायका निर्देशन जारी गरेका छन् । कर्मचारीहरु कार्यालयमा समयमा अनिवार्य उपस्थित हुन, पूर्वस्वीकृति बेगर अनुपस्थित नहुन, काम विशेषले कार्यालय बाहिर जाँनु पर्दा कर्मचारी लगबुक राखेर अनिवार्य प्रविष्ट गरी कर्मचारीको पोसाक लगाउनु पर्ने निर्देशन जारी गरिएको छ ।

प्रदेश निजामती सेवा ऐन र नियमावलीमा भएको कर्मचारीले पालना गर्नुपर्ने आचरणका व्यवस्था पूर्ण रुपमा पालना गर्नु हुन र सो विपरीतको अनुशासनहीन काम गर्नमा बन्देज गरिएको छ ।

त्यस्तै सेवा प्रवाहको क्रममा सेवाग्राही र सरोकारवालसंग उचित आदर र सम्मानपूर्वक व्यवहार प्रदर्शन गर्नुपर्ने, प्रत्येक निजामती कर्मचारीले कानून बमोजिम आफूलाई तोकिएको जिम्मेवारी पूर्ण निष्ठाका साथ पूरा गर्नुपर्ने र कुनै पनि बहानामा आलटाल गर्नमा कडाइ गरिएको छ ।

त्यस्तै आफ्नो जिम्मेवारी र अधिकार क्षेत्रभित्रको विषयमा सरल र सहजरुपमा समयमै कार्य फछ्र्योट गर्नुपर्ने, कर्तव्य पालनको सिलसिलामा अधिकार प्राप्त निकाय वा अधिकारीवाट भएको निर्णय प्रचलित कानुन बमोजिम प्रभावकारीरुपमा कार्यान्वयन गर्नुपर्ने, आफ्नो मातहतका कार्यालय वा कर्मचारीहरुको काममा विना हस्तक्षेप काम गर्ने वातावरण प्रदान गर्नुपर्ने, प्रचलित कानुनले तोकेको अधिकार र जिम्मेवारीलाई ध्यानमा राखेर काम गर्नुपर्ने तथा अवाञ्छित ढंगले राजनीतिक प्रभाव नदेखाउन निर्देशन जारी गरिएको छ ।



त्यस्तै आफ्नो कार्यक्षेत्रभित्र र हेर एकआपसमा वा अन्य पदाधिकारी/कर्मचारीहरुसंग सहयोग र समन्वयको भावनाले काम गर्नुपर्ने, आफ्नो कर्तव्य पालन गर्दा आफ्नो कार्यालय र मातहतका कार्यालयहरुमा अनुचित प्रभाव पारी आफ्नो नातेदार नियुक्त गर्ने, काजमा ल्याउने वा सरुवा गर्ने जस्ता पक्षपातपूर्ण वा मोलाहिजायुक्त कुनै कार्य नगर्नुपर्ने, अनुगमनको क्रममा जारी गरिएको निर्देशन पालना भएको नपाएमा नसिहत दिनेसम्मको विभागीय कारवाही गर्नुपर्ने निर्देशन जारी गरिएको छ ।

विकास निर्माण कार्यलाई द्रुत गति दिइ निर्धारित समयमा सम्पन्न गर्नु हुनका साथै सरकारको नीति तथा कार्यक्रम र प्रतिवद्धताहरुलाई पूरा गर्न उल्लेख्य योगदान गर्नुपर्ने, मधेश प्रदेशको न्यून आयबाट जनताको असीमित आकांक्षा पूरा गर्न स्रोतको चाप रहेकोले विकास निर्माण एवं सेवा प्रवाहमा प्रशासनिक खर्च घटाउन अत्यधिक मितव्ययिता अपनाउनुपर्ने, सेवाग्राहीको अत्यधिक चाप रहेका कार्यालयमा विद्युतीय टोकन प्रणालीको व्यवस्था गर्नुपन कर्मचारीले आफ्नो व्यक्तिगत आचरण र कार्यशैलीमा आमूल परिवर्तन एवं सुधार ल्याई प्रदेश निजामती सेवाको गिर्दो साखलाई उचो बनाइ जनताको विश्वास अभिवृद्धिमा योगदान गर्नुपर्ने, परिवर्तित परिवेश अनुरुप आफ्नो सोच, व्यवहार र कार्यशैलीमा सुधार ल्याउन सबै कर्मचारीले सुधारको प्रयास स्वयंबाट थाल्नुपर्ने, प्रदेशको गौरव र प्रतिष्ठा वृद्धि एवं नागरिक सन्तुष्टि अभिवृद्धिलाई केन्द्रमा राखी सार्वजनिक सेवामा योगदान गर्नुपर्ने, राजनीति र प्रशासन एक अर्काको परिपूरक रहेकोले आरोप प्रत्यारोपमा नलागी आपसी विश्वास, समन्वय, सहयोग र समझदारी कायम गर्न आफ्नो स्तरबाट पूर्ण प्रयत्न गर्नु, गराउनुपर्ने, जनताको नजरमा प्रदेश निजामती सेवा र सरकारको छविलाई उच्च बनाउन आफ्नो कर्तव्य र दायित्वप्रति सदैव समर्पित रही सुशासन, सेवा प्रवाह, विकास निर्माण र समग्र रुपान्तरणको मियोको रुपमा प्रदेश निजामती सेवालाई स्थापित गर्न पूर्णरुपमा क्रियाशील रहनका लागि २३ बुँदे निर्देशन जारी गरिएको छ ।

## मधेश प्रदेशका मुख्यमन्त्रीले.......

नभएको खण्डमा विश्वासको मतपछि मन्त्रीपरिषद् विस्तार गरिने जानकारी दिनु भयो । जसपाका नेता यादवले नेकपा एमालेको अहिले महाधिवेशन काठमाडौंमा भइरहेकोले महाधिवेशन सकिएपछि ४ गते विश्वासको मत लिने सात दलको बैठकमा सहमति भएको जानकारी दिनु भयो ।

उहाँले सभामुख पदमा आफूहरूको दाबी स्वाभाविक भएको बताउनु भयो । मधेश प्रदेश सरकारमा रहेका सबैभन्दा ठुलो दलको रूपमा रहेको नेपाली काँग्रेसले मुख्यमन्त्री पाएपछि सभामुख पाउनु आफूहरूको अधिकार नै भएको जसपाले जनाएको छ ।

मधेस प्रदेश सभाको नयाँ सभामुख चयनका लागि प्रक्रिया बढाउन आगामी पुस २ गते मधेश प्रदेश सभाको बैठक बोलाइएको हो । छ दलको समर्थनमा मुख्यमन्त्री बनेका कृष्णप्रसाद यादवको मन्त्रिपरिषदमा जनमत पार्टीका संसदीय दलका नेता महेश प्रसाद यादव अर्थमन्त्री रहनु भएको छ भने नेकपा एकीकृत समाजवादी पार्टीका प्रमुख सचेतक कनिष पटेल र नेपाली काँग्रेसका जंगिलाल राय बिना विभागीय मन्त्री रहनु भएको छ ।

नेपाली काँग्रेसका संसदीय दलका नेता यादव ६ दलका ७७ जना प्रदेश सभा सदस्यहरूको समर्थनमा मङ्सिर १९ गते मधेश प्रदेशका छैठौं मुख्यमन्त्रीमा मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्रलाभ कर्णले नियुक्त गर्नु भएको थियो ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**लिक्विडेटर कार्यालयको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको प्रा.लि.नं. ९३५८५ डिभेहिकल सर्भिस के प्रा.ली. को मिति २०६९।०८।०२ मा मा बसेको बिषेश साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वीडेसन) गर्ने विशेष प्रस्ताव पारित गरिएको हुँदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नुपर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफै वा प्रतिनिधि मार्फत हकदावी गर्न निम्नलिखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्न हुन सूचित गरिन्छ ।

**लिक्विडेटर**
चित्र बहादुर बिष्ट (कुताल)

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मधेश प्रदेशमा स्थानीय तहका कर्मचारी भर्नाका लागि विज्ञापन खुल्दै

**खबर दर्पण समाचारदाता**

**मंसीर २९ गते, जनकपुरधाम**

मधेश प्रदेश लोक सेवा आयोगले स्थानीय तहका विभिन्न पदमा कर्मचारी भर्नाका लागि मंगलवारदेखि औपचारिक रूपमा विज्ञापन प्रकाशन गर्ने भएको छ ।



प्रदेश लोक सेवा आयोगका अध्यक्ष शिवराम यादवका अनुसार लामो समयदेखि स्थानीय तहमा देखिँदै आएको जनशक्ति अभावलाई सम्बोधन गर्न आयोगले आवश्यक तयारी पूरा गरी विज्ञापन प्रक्रियामा जान लागेको हो ।

उनले विज्ञापन निष्पक्ष, पारदर्शी र प्रतिस्पर्धात्मक ढंगले अघि बढाइने स्पष्ट पारे ।

अध्यक्ष यादवले भने, 'स्थानीय तहमा सेवा प्रवाह प्रभावकारी बनाउन दक्ष र योग्य जनशक्ति अनिवार्य छ। यही आवश्यकता अनुसार आयोगले भोलिदेखि कर्मचारी भर्नाका लागि विज्ञापन प्रकाशन गर्न लागेको हो ।'

उनका अनुसार परीक्षा सञ्चालन, नतिजा प्रकाशन तथा नियुक्ति प्रक्रिया कानुनअनुसार समयमै सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।

आयोगले प्रकाशित गर्ने विज्ञापनमा प्रशासन, लेखा, प्राविधिक तथा अन्य सेवा समूहका पदहरू समावेश हुने जानकारी दिइएको छ ।

अध्यक्ष यादवले योग्य र इच्छुक उम्मेदवारलाई तोकिएको समयभित्र आवेदन दिन आग्रह गर्दै सबै प्रक्रियामा समान अवसर सुनिश्चित गरिने प्रतिबद्धता व्यक्त गरे ।

स्थानीय तहमा कर्मचारी अभावका कारण विकास निर्माण, सेवा प्रवाह र प्रशासनिक कामकाज प्रभावित हुँदै आएको अवस्थामा आयोगको यो कदमलाई महत्वपूर्ण मानिएको छ ।

# प्रधानाध्यापक ठाकुरसहित दुई जनाविरुद्ध विशेष अदालतमा मुद्दा




**खबर दर्पण समाचारदाता**

**मंसीर २९ गते, जनकपुरधाम**

धनुषाको विदेह नगरपालिका-२ दुहवीस्थित शंकर जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक धनिकलाल ठाकुर विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आयोगका अनुसार आर्थिक वर्ष २०७८/७९ मा आइसिटी (क्ष्त्रत) ल्याब स्थापना तथा आर्थिक वर्ष २०७९/८० मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत विद्यालयमा आईटी ल्याब स्थापना र डिजिटल लाइब्रेरी सुदृढीकरणका लागि विनियोजित बजेटमा अनियमितता गरिएको पाइएको छ ।

तोकिएको उद्देश्यअनुसार काम नगरी वा अपुरो काम देखाएर रकम हिनामिना गरिएको आरोप अख्तियारको छ ।

उक्त प्रकरणमा प्रधानाध्यापक ठाकुरसँगै तत्कालीन लेखापाल अरुणकुमार कुशियैत विरुद्ध पनि मुद्दा दायर गरिएको छ ।

अख्तियारले दुवै जनाविरुद्ध जनही ८ लाख ६२ हजार १५२ रुपैयाँ बिगो कायम गरी सोहीअनुसार सजायको मागदाबी गर्दै विशेष अदालतमा अभियोग पत्र दायर गरेको जनाएको छ ।

शैक्षिक पूर्वाधार सुधारका नाममा आएको सरकारी रकम दुरुपयोग भएको आरोप सार्वजनिक भएपछि स्थानीयस्तरमा चासो र आलोचना बढेको छ ।

विशेष अदालतमा मुद्दा दर्ता भएसँगै अब न्यायिक प्रक्रियाबाट यस प्रकरणको टुंगो लाग्ने अख्तियारले जनाएको छ ।




# शिरीष अफसेट प्रेस

बर्दिबास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

- पत्रिका
- क्यालेण्डर
- रजिष्टर, डाइरी
- किताब
- परीक्षा कपी
- पर्चा पम्पलेट
- बिल, भाउचर,
- स्क्रिन प्रिन्ट
- विवाह कार्ड
- प्रमाण पत्र
- भिजिटिङ्ग कार्ड
- झोला प्रिन्ट
- रबर स्टाम्प
- फ्लेक्स प्रिन्ट
- ब्यानर प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- स्टिकर
- फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# धनुषामा वातावरणमैत्री वायो प्लास्टिक उद्योग सञ्चालन

**खबर दर्पण समाचारदाता**
**मंसीर २९ गते,महेन्द्रनगर**



प्लास्टिकजन्य फोहोरका कारण बढ्दो वातावरणीय प्रदूषणलाई न्यूनीकरण गर्ने उद्देश्यसहित धनुषामा वातावरणमैत्री वायो प्लास्टिक उद्योग सञ्चालनमा आएको छ ।

जानकी वायो प्लास्टिक उद्योग प्रालिले उत्पादन गर्ने झोलाले वातावरणमा शून्य प्रभाव पार्ने दाबी गरिएको छ ।

उद्योगले उत्पादन गर्ने वायो प्लास्टिकका झोलाहरू पानीमा वा माटोमा गाड्दा करिब तीन महिनाभित्र पूर्ण रूपमा गलेर नष्ट हुने र कम्पोस्ट मलका रूपमा प्रयोगयोग्य हुने उद्योग पक्षको भनाइ छ ।

कालो प्लास्टिकका झोलाले वातावरण र कृषिमा पारेको नकारात्मक असरलाई कम गर्न वायो प्लास्टिक दरिलो विकल्प भएको कार्यक्रममा सहभागी वक्ताहरूले बताएका छन् ।

उद्योगको उद्घाटन गर्दै जनकपुर धाम उपमहानगरपालिकाका प्रमुख मनोज कुमार साहले उपमहानगरपालिका क्षेत्रमा वायो प्लास्टिक झोलाको प्रयोगलाई प्रोत्साहन गरिने बताए ।

उनले मकैको खोस्टाबाट तयार हुने कच्चा पदार्थ प्रयोग भएकाले यस झोलाको नष्टिकरणपछि पनि कम्पोस्ट मल बन्ने विशेषता रहेको उल्लेख गर्दै यस उद्योगको पहललाई वातावरण संरक्षण अभियानका रूपमा अघि बढाइने धारणा व्यक्त गरे ।

धनुषा जिल्लाको क्षीरेश्वरनाथ नगरपालिका-१ मा स्थापना भएको जानकी वायो प्लास्टिक उद्योग प्रालिले दैनिक ८ सय किलोग्रामसम्म वायो प्लास्टिक झोला उत्पादन गर्न सक्ने क्षमता राखेको छ ।

साढे चार करोड रुपैयाँको लगानीमा स्थापना भएको यस उद्योगले कालो प्लास्टिक झोलालाई विस्थापित गर्न सके वातावरण संरक्षणमा उल्लेखनीय योगदान पुग्ने डा. नागेन्द्र प्रसाद यादवले बताए ।

उद्योगका सञ्चालक लक्ष्मी महासेठले वातावरण संरक्षण नै उद्योग स्थापनाको मुख्य उद्देश्य भएको बताउँदै वायो प्लास्टिक झोला अन्य प्लास्टिक झोलाभन्दा केही महँगो भए पनि दीर्घकालीन रूपमा सबैका लागि लाभदायक हुने बताए। उद्योगले वायो प्लास्टिक झोलाको मूल्य प्रतिकिलो २ सय ८० रुपैयाँ निर्धारण गरेको छ ।

उद्योग उद्घाटन समारोहमा क्षिरेश्वरनाथ नगरपालिका-१ का वडाध्यक्ष मकेश्वर यादव र जनकपुरधाम उपमहानगरपालिका-९ का वडाध्यक्ष परमेश्वर साहलगायतले पनि वातावरणमैत्री उद्योगको महत्वबारे धारणा राखेका थिए ।

# पेट्रोलको मूल्य बढ्यो, डिजेल र मट्टितेलको घट्यो




**खबर दर्पण समाचारदाता**
**मंसीर २९ गते, बर्दिवास**

नेपाल आयल निगमले पेट्रोलको खुद्रा बिक्री मूल्य बढाएको छ । भारतीय आयल कर्पोरेसनबाट पेट्रोलियम पदार्थको नयाँ मूल्य प्राप्त भएको जनाउँदै निगमले पेट्रोल प्रतिलिटरमा दुई रुपैयाँ मूल्य बढाएको हो ।

डिजेल र मटिट्तेलमा भने प्रतिलिटरमा ४ रुपैयाँ घटाइएको छ । नयाँ समायोजन गरिएको मूल्य आजै राति १२ बजेदेखि लागू हुने निगमले जनाएको छ ।

निगमले ढुवानी लागत अनुसार देशका विभिन्न भागलाई चार वर्ग कायम गरेर पेट्रोलियम पदार्थको बिक्री वितरण गर्दै आएको छ ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोश्रो पटक प्रकाशित मिति :२०८२।०९।०१**

यस कम्पनीको मिति २०८१।०८।०५ मा सम्पन्न विशेष साधारण समिति को निर्णय बमोजिम तथा कम्पनी रजिष्टारको कार्यालयबाट समेत स्वीकृति प्राप्त भई साविक कम्पनी फ्लोर आर्किटेक्ट्स एन ईन्जिनियरिङ (प्रा. लि.) प्रा.ली. नं. २१७३७०) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिनबाट व्यहोनु पर्ने ऋण, धन, कर दायित्व आदि परिवर्तन नामको रियान कन्सल्ट प्रा.ली. अंग्रेजिमा Riyan Consult Pvt.Ltd. ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,